का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ भदौ २०७९,
शुक्रबार
19 August 2022,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नै

वर्ष २०, अंक १९५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

नागरिकता विधेयक प्रतिनिधिसभाबाट पारित

# बहुमतको बलमा अनुमोदन

राष्ट्रपतिबाट पुनर्बिचारका लागि सन्देशसहित फिर्ता आएको नागरिकता विधेयक बहुमतको बलमा प्रतिनिधिसभाबाट पारित भएको छ । यही प्रक्रिया राष्ट्रिय सभामा पनि अपनाएर फास्ट ट्र्याकमा विधेयक पारित गरेर पुन: प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुऱ्याउने सत्तागठबन्धनको तयारी छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ भदौ ।

राष्ट्रपति विद्यादेवी भण्डारीबाट पुनर्बिचारका लागि सन्देशसहित फिर्ता भएको नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ ।

प्रमुख प्रतिपक्षी नेकपा एमाले, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र राष्ट्रिय जनमोर्चा (राजमो)को विरोधका बाबजुत नागरिकता विधेयक जस्ताको तस्तै (राष्ट्रपतिकहाँ यसअघि प्रमाणीकरणका लागि पुगेको विधेयक) पारित भएको हो । प्रतिनिधिसभामा बिहीबार भएको मत विभाजनमा १९५ जना सांसद उपस्थित थिए । जसमध्ये विधेयकको पक्षमा १३५ र विपक्षमा ६० सांसदले हस्ताक्षर गरे ।

प्रतनिधिसभाबाट मत विभाजनद्धारा पारित भएको यो विधेयक अब राष्ट्रिय सभामा जान्छ ।

प्रतिनिधिसभामा जस्तै प्रक्रिया राष्ट्रिय सभामा पनि अपनाएर फास्ट ट्र्याकमा विधेयक पारित गरेर पुन: प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुऱ्याउने सत्तागठबन्धनको तयारी छ ।

संविधानको धारा ११३ (४) मा राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गर्नुपर्ने व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार दुवै सदनले फिर्ता भएको विधेयक प्रस्तुत रूपमा (जस्ताको तस्तै) वा संशोधन सहित पारित गर्नुपर्ने हुन्छ । यो विधेयक प्रतिनिधिसभामा उत्पति भएकाले राष्ट्रपतिले प्रतिनिधिसभामै पुनर्बिचारका लागि फिर्ता पठाएकी हुन् । प्रतिनिधिसभाले प्रस्तुत विधेयक (राष्ट्रपतिकहाँ प्रमाणीकरणका लागि पुगेर पुनर्बिचारका लागि फिर्ता भएको विधेयक)मा केही पनि संशोधन नगरी पारित गरेको छ ।

अब राष्ट्रिय सभामा गएपछि राष्ट्रिय सभाले विधेयकमा संशोधन गर्न सक्छ । राष्ट्रिय सभाले संशोधनसहित पारित गरेको खण्डमा राष्ट्रिय सभामा भएको संशोधनलाई प्रतिनिधिसभाले स्वीकार गर्नुपर्छ । राष्ट्रिय सभाले संशोधन गरेको खण्डमा त्यसलाई प्रतिनिधिसभाले अस्वीकार गऱ्यो भने दुबै सदनको संयुक्त सभा बसेर टुंगो लगाउनुपर्ने कानुनी व्यवस्था छ । यसो हुँदा दुबै सदनमा रहेका ३३४ सदस्यले बहुमत र अल्पमतका आधारमा निर्णय लिन सक्छन् ।

साउन १५ गते संघीय संसदका दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि आफूकहाँ आएको नागरिकता विधेयक राष्ट्रपति भण्डारीले २९ साउनमा पुनर्विचारका लागि भन्दै प्रतिनिधि सभामै फिर्ता पठाएकी थिइन् । राष्ट्रपति भण्डारीले फिर्ता पठाएको ९ पृष्ठ लामो पत्रमा नागरिकता विधेयक प्रतिनिधि सभाको जानकारी, विमर्श र अध्ययनका लागि फिर्ता पठाएको उल्लेख छ । यही अनुसार फिर्ता विधेयकबारे संसद बैठकमा गत सोमबार जानकारी गराएको थियो । बिहीबार छलफल भएर पारित नै भएको हो ।

बिहीबार प्रतिनिधिसभामा भएको छलफलमा ८२ जना सांसदले भाग लिए । सत्ता पक्षका सांसदहरुले राष्ट्रपति माथि नै प्रश्न उठाए । नेकपा एमालेका सांसदहरुले विधेयकमाथि पुनर्बिचार गर्नुपर्ने भनी आएको विधेयकको गम्भीरतालाई देखाएर विस्तृत छलफल गर्नुपर्नेमा त्यसो नगर्ने नियत गलत भएको भनी सरकार र सत्तारुढ दलहरुप्रति प्रश्न गरे ।

उनीहरुले नागरिकता विधेयक जस्तो विषयमा पुनर्बिचार नै नगर्ने सत्तारुढ गठबन्धनको 'इगो'मा सभामुख अग्नि प्रसाद सापकोटाले पनि साथ दिने गरी भूमिका खेलेको टिप्पणी गरे । सभामुखले विधेयकमाथि छलफलको प्रक्रिया मिचेको पनि उनीहरुको आरोप छ ।

'राष्ट्रपतिले सन्देशसहित फिर्ता पठाएको जानकारी गराइयो । त्यसपछि बिचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत हुन्छ होला, त्यसमा सैद्धान्तिक छलफल भएर सबै सांसदहरुलाई संशोधन हाल्ने अवसर दिइन्छ होला । संशोधनसहित विषयगत समितिमा छलफल भएर त्यसको प्रतिवेदनमाथि सभामा छलफल हुन्छ होला भन्ने अपेक्षा थियो । हाम्रो अपेक्षा, अपेक्षामै सिमित रह्यो' एमालेका प्रमुख सचेतक विशाल भट्टराईले भने ।

प्रधानमन्त्रीले सर्वदलीय बैठक राखेर साझा धारणा तय गर्न भूमिका खेल्छन भन्ने

– बाँकी पृष्ठ २ मा

## फेरि राष्ट्रपतिले फिर्ता पठाउन सक्छिन ?

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २ भदौ ।

राष्ट्रपतिले पुनर्बिचारका लागि सन्देशसहित फिर्ता पठाएको विधेयक हुबहु पारित भएसँगै राष्ट्रपतिले फेरि विधेयक फिर्ता पठाउन सक्छिन कि सक्दिनन भन्ने आम विज्ञाशा उत्पन्न भएको छ । संविधान र कानुनका जानकारहरुले समेत यो विषयमा प्रश्न र जिज्ञासा उत्पन्न हुनुलाई स्वभाविक भनेका छन् । तर, संविधानले फेरि राष्ट्रपतिले विधेयक फिर्ता पठाउन नसक्ने बताउँछन् बरिष्ठ अधिवक्ता दिने त्रिपाठी । त्रिपाठीले विधेयक एक पटकसम्मलाई पुन:विचारका लागि फिर्ता पठाउने विकल्प राष्ट्रपतिलाई भए पनि अब दोहोऱ्याएर फिर्ता गर्न नमिल्ने भएकाले संसद्ले जे पठायो त्यसैलाई नै प्रमाणीकरण गर्नुपर्ने बताए ।

यसअघि गत साउन १५ गते नागरिकता विधेयक प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पुगेको थियो । राष्ट्रपतिले नेपालको संविधान बमोजिम संघीय संसद्बाट पुन:विचार हुन आवश्यक देखिएको उल्लेख गर्दै आठ बुँदे सन्देशसहित गत साउन २९ गते प्रतिनिधिसभामै फिर्ता पठाएकी थिइन ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता लक्ष्मणलाल कर्ण प्रतिनिधिसभाबाट विधेयक पारित हुनु सकारात्मक विषय भएको बताउँछन् । अब राष्ट्रिय सभाबाट पनि हुबहु पारित हुने उनको भनाई छ । उनका अनुसार प्रतिनिधिसभामा जस्तै फास्ट ट्र्याकमा राष्ट्रिय सभाबाट पनि एकै दिनमा पारित गर्ने प्रयास हुनेछ ।

– बाँकी पृष्ठ २ मा

स्वतन्त्रको चर्चा

## कामभन्दा बढी हल्ला




**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २ भदौ ।

धरान उपमहानगरका मेयर हर्क साम्पाङ र काठमाडौं महानगरका मेयर बालेन्द्र शाहबीचको विवादले संसदमा समेत प्रवेश पाएको छ । मेयरद्वय साम्पाङ र शाह काममा भन्दापनि एकअर्काको आरोपप्रत्यारोपमा बढी देखिएको भन्दै चर्चाको विषय बनेको हो । बुधबार साँझ मेयर साम्पाङले काठमाडौं नगएको भए फोहोर उठ्ने थिएन रैछ ! भन्दै फेसबुकमा स्टाटस लेखेका थिए । फेरि प्रतिउत्तरमा मेयर शाहले 'हो नि ' तपाईकै लौरो चुनाव चिह्न लिएर मैले चुनाव पनि त जितेको हो नि !' लेखेका थिए ।

उनीहरुको बढ्दो मतभेदलाई लिएर नेकपा एमालेका सांसद कृष्णकुमार राईले दुई मेयरबीच महानगरको विकास भन्दा पनि अनावश्यक विषयमा चर्चा चलेको भन्दै आलोचना गरेका छन् । 'अहिले फोहोर व्यवस्थापनमा काठमाडौं महानगरपालिकाले प्रभावकारी काम गरको छैन, केवल फोहोर विसर्जनस्थलमा माटोले पुर्ने काम मात्रै गर्दै आएको छ, अनि उल्टै दुई मेयर सामाजिक सञ्जालमा लडाइँ गर्नुको औचित्य के ?' उनले भने ।

उनीमात्रै होईन, सामाजिक सञ्जालमा पनि दुई मेयरको पक्ष र विपक्ष लिएर आरोप प्रत्यारोप चलिरहेका छन् । कतिपयले बालेन शाहले काम गर्न नसकेको विषय स्वीकार गरेका छन् भने कतिपयले मेयर शाहलाई राजनीतिक दलले काम गर्न नदिएको पनि बताएका छन् । धरानका मेयर साम्पाङले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई भेटेपछि मेयर शाहको विरोध गरेको समेत कतिपयको तर्क छ । यद्यपि, काठमाडौंको फोहोर नउठेको विषयलाई लिएर भने सामाजिक सञ्जालमा आलोचना भइरहेको छ ।

### थपिँदै निराशा

काठमाडौंका मेयर बोलेन्द्र शाह निर्वाचित भएपछि धेरैलाई काठमाडौंको परिवर्तन जादुमयी तरिकाले हुन्छ, सडकका फोहोर क्षणभरमै सफा हुन्छन् जस्तो लागेको थियो । तर, बिस्तारै बालेनप्रतिको धारणामा भने परिवर्तन आउन थालेको छ । महिनौंसम्म सडकमा फोहोर थुप्रिदाँ निस्किएको दुर्गन्ध, त्यसले फैल्याउँने रोग र हालसम्म पनि उचित व्यवस्थापन हुन नसकेपछि आलोचना चुलिएको हो । कतिपयले राजनीतिक दलले काम गर्न नदिएको बताएपनि उनी स्वयं नै कसरी फोहोर व्यवस्थापन गर्ने र कहाँ लगेर फोहोरको विसर्जन गर्ने भन्नेमा

– बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार बाध्यता मात्रै नभएर अवसर पनि : महानिर्देशक आचार्य




**मध्यान्ह संवाददाता**
काठमाडौं, २ भदौ

वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक उमाकान्त आचार्यले वैदेशिक रोजगार बाध्यता मात्रै नभएर अवसर पनि भएकाले यस क्षेत्रलाई व्यवस्थित गर्नुपर्ने पक्षमा आफू रहेको बताएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यावसायी संघको तर्फका संयोजक विमल ढकालको नेतृत्वको टोलीले नवनियुक्त

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

शून्य लागतमा मलेसियामा रोजगार

## माई टेक र एसेम्ब्ली कम्पनीसँग ह्वाईट हर्ष रिक्रुटमेण्टको आरबीए सम्झौता



**काठमाडौं/मस–** मलेसियाको बहुराष्ट्रिय कम्पनी माई टेक तथा एसेम्ब्ली एसडिएन बिएचडीले शून्य लागतमा नेपाली कामदार लैजान नेपालको ह्वाईट हर्ष रिक्रुटमेन्ट प्रा.लि.संग सम्झौता भएको छ । बिहीबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा मलेसियाको कम्पनी माई टेक र एसेम्ब्ली एसडिएन बिएसडिका तर्फबाट एचआर निर्देशक माईकल लि र ह्वाईट हर्ष रिक्रुटमेन्ट प्रा.लि.का तर्फबाट अध्यक्ष सागर गिरी र प्रमुख कार्यकारी अधिकृत (सीईओ) राजन श्रेष्ठले

– बाँकी पृष्ठ २ मा


**मलेसियामा रोजगार** | कम्पनी : JIA HUI SDN.BHD. शहर : JOHOR

पूर्व स्वीकृत मिति: २०७९/०५/०२ चलानी नं.: ६०१८५७३६ LT. No.: 269889

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 14 | 6 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १० गते (26 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705, 4594457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com



**MALTA मा रोजगार** | कम्पनी :BMF SERVICES RA.LTD शहर: MALTA,ST.PAUL BAY

पूर्व स्वीकृत मिति: २०७९/०५/०२ चलानी नं.: ६०१८५६५३ LT. No.: 269605

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 10 | सम्बन्धित काममा दक्ष | 875 | ११२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Delivery Worker | 20 | 0 | | 875 | ११२,८४० | | | | | | | |
| 3. | Kitchen Hands | 20 | 10 | | 975 | १२५,७३६ | | | | | | | |
| 4. | Waiter | 30 | 10 | | 875 | ११२,८४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ १० देखि २० गते सम्म (26 August to 5 September 2022) मा हुनेछ ।
शाखा कार्यालय तिलोतमा-३, बुटवलमा २०७९ भदौ १२ गते (28 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

नोट: अन्तर्वाता भएको ३ महिना भित्र उडान हुनेछ ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Ph: 4481505, 4481905, 4481957, Branch Office Ph: 071-438316





मध्यान्ह
www.madhyanhadaily.com
३ भदौ २०७९, शुक्रबार
19 August 2022, Friday

# आज श्रीकृष्ण जन्माष्टमी

**काठमाडौं/मस-** वैदिक सनातन धर्मावलम्बीले 'श्रीकृष्ण जन्माष्टमी' पर्व शुक्रबार देशभर भगवान् श्रीकृष्णको पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाउँदैछन् ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापर युगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले आजको दिनलाई 'श्रीकृष्ण जन्माष्टमी' र रातलाई 'मोहरात्री' भनिन्छ। यस दिन देशभरिका कृष्णमन्दिरमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्नाका साथै विशेष गरी महिला, पुरुष 'व्रत' गरी रातभर जाग्राम बस्ने प्रचलन छ ।

अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौँ अवतारका रूपमा जन्म लिएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेका थिए ।

कुरुक्षेत्रमा कौरवहरूसँगको लडाइँमा संलग्न पाण्डवमध्येका अर्जुनलाई उपदेश दिने क्रममा स्वयम् श्रीकृष्णका मुखारविन्दबाट व्यक्त 'श्रीमद्भागवतगीता' पवित्र ग्रन्थ मानिन्छ । छोटकरीमा गीता नामले समेत चिनिने यो ग्रन्थ विश्वमै सबैभन्दा बढी भाषामा अनुवाद भएको विश्वास गरिन्छ ।



बाल्यकालदेखि नै आफ्ना विचित्र लीला देखाउनुभएका श्रीकृष्णले पुतना, कंश, जरासन्ध र शिशुपालजस्ता दानवी प्रवृत्तिको संहार गरेका पौराणिक ग्रन्थमा उल्लेख छ। यस अवसरमा आज पाटनको मङ्गलबजारस्थित प्रसिद्ध कृष्णमन्दिरमा ठूलो मेला लाग्दछ। यसैगरी राजधानीको उत्तरपूर्वी भेगस्थित कागेश्वरी मनोहरा नगरपालिकामा रहेको नवतनधाममा पनि भक्तजनको भीड लाग्छ। उत्तरी भेगस्थित बूढानीलकण्ठमा रहेको श्रीकृष्ण भावनामृत सङ्घको कार्यालयमा रहेको कृष्ण मन्दिरमा पनि भक्तजनको भीड लाग्ने गरेको छ ।

यसै उपलक्ष्यमा काठमाडौंका विभिन्न धार्मिक सङ्घसंस्थाद्वारा श्रीकृष्णको झाँकीसहित शोभायात्रा तथा रथयात्रा निकाल्ने चलन छ। यस पर्वका अवसरमा विगतमा काटिएको सार्वजनिक बिदालाई सरकारले फेरि निरन्तरता दिएको छ ।

यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारीले श्रीकृष्ण जन्माष्टमीको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गरेकी छिन् ।

राष्ट्रपति भण्डारीले शुभकामना सन्देशमा कृष्ण जन्माष्टमी वा गोकुल अष्टमी नामले समेत परिचित यस पर्वका धार्मिक, सांस्कृतिक र दार्शनिक आयामहरू रहेको र धार्मिक दृष्टिमा भगवान् श्रीकृष्णलाई असल प्रवृत्तिका साधक र आसुरी प्रवृत्तिका विनाशक तथा भगवान् विष्णुका एक अवतार मानिने उल्लेख गरेकी छिन् ।

'सांस्कृतिक मान्यताअनुसार कृष्णलीलासँग सम्बन्धित विभिन्न भजन, कीर्तन, नाट्य प्रदर्शन एवं उपासनाका लागि आजको दिनले विशेष महत्व राख्दछ', राष्ट्रपति भण्डारीको शुभकामना सन्देशमा भनिएको छ, 'हिन्दूहरूको पवित्र ग्रन्थ गीतामा भगवान् श्रीकृष्णबाटै योग र दर्शनको विवेचना भई मानव जाति समक्ष उपलब्ध भएको पक्ष उत्तिकै महत्वपूर्ण छ, जसलाई आजकै दिन विशेषरूपले स्मरण गरिन्छ ।' त्यसैकारण विश्वभरिका हिन्दू धर्मावलम्बीहरूले भक्तियोग, ज्ञानयोग र कर्मयोगका प्रणेता भगवान् श्रीकृष्णको पूजा-अर्चना गरी श्रद्धा भक्तिपूर्वक श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने प्रचलन रही आएको राष्ट्रपति भण्डारीले बताएकी छिन् ।

# जातीय विभेदलाई प्रसय दिएको भन्ने आरोपमा सत्यता छैनः प्रजिअ प्याकुरेल



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २ भदौ

दैलेखका प्रमुख जिल्ला अधिकारी हरि बहादुर प्याकुरेलले नागरिकता ऐन अनुसार आफुले काम गर्दा आफुमाथी जातीय विभेदको आरोप लगाइएको टिप्पणी गरेका छन् । मंगलबार प्रतिनिधि सभामा नेपाली कांग्रेसकी सांसद लक्ष्मी परियारले प्रजिअ प्याकुरेललाई कारबाही गर्न सरकारसँग माग गरेपछि उनले पत्रकार सम्मेलन गरेर नागरिकता ऐन अनुसार आफुले काम गर्न खोज्दा अनावश्यक जातीय विभेदलाई प्रसय दिएको भन्ने आरोप सत्य नभएको दाबी गरे ।

पत्रकार सम्मेलनमा उनले भने 'ठगे कामीले आफुले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाण पत्रमा उल्लेखित नाम ठगे कामी रहेको र उक्त नाम संशोधन गरी कर्ण बहादुर कामीको नामबाट नागरिकता जारी गरी पाउ भनि मौखिक माग गनुभएको थियो । उहाँले पेश गर्नुभएको निवेदन तथा संलग्न कागजातहरुमा कर्ण बहादुर कामी भनि पेश गर्नुभएको थियो । जसमा परिचय खुल्ने कागजात नभएकाले पुन सच्याई ल्याउनु पर्ने भनि सम्झाई बुझाई गरेको हुँ ।'

कानूनमा भएको व्यवस्था अनुसार नाम सच्याउनको लागि कानून निर्माण गर्नँपर्ने भएकोले मिल्दो जुल्दो नाममा सच्याउन मिल्ने भएकोले अर्को निबेदन ल्याउन आग्रह गर्दा गलत अर्थ लगाइएको उनले बताए ।

यसैबीच ठगेन्द्रको नाम सच्याउन जिल्ला प्रशासन कार्यालयमा सहयोगीका रूपमा पुगेका भगवतीमाई गाउँपालिका मेहेलतोलीका जगत रेग्मीले प्रशासनमा कुनै अपमानपूर्ण व्यवहार नभएको बताएका छन् ।

## बहुमतको...

अपेक्षा आफुहरुको रहेको भट्टराईको भनाइ छ । उनी भन्छन, 'वालुवाटारबाट कमा र फुलिस्टप समेत परिवर्तन नगरी विधेयक पारित गर्ने भनी निर्णय गरेपछि पुरा हुँदैन भन्ने लागेको भएपनि सभामुखले कम्तिमा विधेयक अगाडि बढाउने प्रक्रियाका सन्दर्भमा प्रमुख प्रतिपक्षीसँग छलफल गर्छन भन्ने अपेक्षा रहेकोमा त्यो पुरा भएन ।' 'बिहान कार्याव्यवस्था परामर्श समितिको बैठक राख्नुभयो। खुसी भएर गएको त, अब केही परिवर्तन हुँदैन, हुबहु पारित हुन्छ भन्छन् सत्ता गठबन्धनका साथीहरु । सभामुखले समेत उक्त कुरालाई ऋस गर्नुभएन' प्रमुख सचेतक भट्टराईले सभामुख सापकोटाको भूमिकामाथि प्रश्न उठाउँदै भने ।

अनेक प्रश्नका बाबजुत प्रक्रियामा गएर विधेयक प्रतिनिधिसभाबाट बहुमतको बलमा पारित भएको हो । राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक जस्ताको तस्तै वा संशोधन सहित पारित गरी पुनः राष्ट्रपतिकहाँ प्रमाणीकरणका लागि पठाउने व्यवस्था छ । यसरी आएको विधेयकलाई राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

## फेरि...

सुरुमा प्रतिनिधिसभाबाट पारित भएर गएको विधेयकको संदेशबारे जानकारी गराउने । त्यसपछि गृहमन्त्री बालकृष्ण खाँडलाई विधेयकमाथि छलफल (पुनरबिचार) गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न लगाउने । त्यसपछि विधेयकमाथि छलफल गर्ने र पारित गर्ने प्रक्रियामा अगाडि बढाउने । सत्तारुढ गठबन्धनको भने राष्ट्रिय सभाबाट पनि फास्ट ट्र्याकमा नै नागरिता विधेयक पारित गर्ने तयारी छ ।

किनभने राष्ट्रिय सभामा सत्तारुढ गठबन्धनको दुई तिहाई बहुमत छ। विगतमा बावदेव गौत्तम नहुँदा ५९ सदस्यीय राष्ट्रिय सभामा सत्ता सत्ता गठबन्धनको दुई तिहाई पुगेको थिए । गौत्तमले माओवादी केन्द्रको चुनाव चिन्हबाट आगामी प्रतिनिधिसभाको चुनाव लड्ने घोषणा गरेपछि उनलाई पनि गठबन्धनभित्रै मान्दा राष्ट्रिय सभामा सत्ता गठबन्धनको दुई तिहाइ पुगेको देखिन्छ । नागरिकता विधेयक पारित गर्नका लागि बहुमत भए पुग्छ। दुई तिहाई हुँदा विधेयक अगाडि बढाउन राष्ट्रिय सभा नेतृत्वलाई अझ दबाब पर्छ ।

राष्ट्रियसभाको बैठक भदौ ६ गते बस्ने तय भएको छ । उक्त दिनको पहिलो बैठकमा राष्ट्रपतिले फिर्ता पठाएको विधेयकमाथि पुनःविचार गरियोस् भन्ने सन्देश टेबल हुनेछ । त्यसपछिको बैठकमा प्रतिनिधिसभाबाट प्राप्त विधेयकसम्बन्धी सन्देश टेबल गरिन्छ र सो विधेयकमाथिको छलफल प्रारम्भ हुनेछ । राष्ट्रियसभामा छलफल भई विधेयक पारित भएपछि सन्देशसहित प्रतिनिधिसभा पठाइनेछ । सभामुखले प्रमाणित गरी प्रमाणीकरणका लागि पुनः राष्ट्रपतिसमक्ष पठाइने छन् ।

पहिलो पटक पुनःविचार गर्नका लागि राष्ट्रपतिले नागरिकता विधेयकलाई संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) मा फिर्ता पठाए पनि अब पुनःविचारका लागि ठाउँ नभएको र विधेयकलाई प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको यस क्षेत्रका जानकारहरु बताउँछन् ।

संविधानको धारा ११३ को उपधारा (४) मा राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनःविचार गरी त्यस्तो विधेयक प्रस्तुतरूपमा वा संशोधनसहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ ।

## स्वतन्त्रको...

प्रष्ट छैनन् । जसले गर्दा अघिल्लो मेयरले जस्तै पुलिस लगाएर नुवाकोटमा फोहोर विसर्जन हुँदै आएको छ। त्यत्ति मात्रै होईन, केही समयअघि आत्हत्या गरेर मरेका न्यापर यमबुद्धको सालिक बनाउन बजेट विनियोजन गरेपछि पनि उनको आलोचना भएको थियो। यद्यपि, धरानका स्वतन्त्र मेयर साम्पाङले भने आफूले जनताका लागि महत्वपूर्ण काम गरेको भन्दै सय दिने उपलब्धि सार्वजनिक गरेका छन् ।

## वैदेशिक...

महानिर्देशक आचार्यलाई भेटी बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गरेको थियो । सोही क्रममा नवनियुक्त महानिर्देशक आचार्यले सो कुरा बताएका हुन् ।

महानिर्देशक आचार्यले विभागको महानिर्देशक हुनुअघि करिब सात महिना श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत रहेको श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको महानिर्देशकको जिम्मेवारी सम्हालेका थिए।

उक्त कार्यालयमा नेपाल आउने विदेशी कामदारको श्रम स्वीकृतिको अनुभव सुनाउँदै महानिर्देशक आचार्यले भने, 'नेपालजस्तो अल्प विकसित मुलुकमा पनि अमेरिका, चीन, जापान तथा युरोपेली देशका नागरिक रोजगारीमा आइरहेका छन्, नेपालीहरू विकसित देशमा रोजगारीमा जानेक्रमलाई अन्यथा भन्न सकिँदैन, त्यसैले वैदेशिक रोजगार क्षेत्रमा सुधार गरेर व्यवस्थित गर्नुको विकल्प छैन ।'

महानिर्देशक आचार्यले कतिपय व्यवसायीले जथाभावी गर्ने र वैदेशिक रोजगारीमा आफूले पठाएका कामदार समस्यामा पर्दा पनि जिम्मेवारी नलिँदा सिँगो व्यवसायमाथि आलोचना हुने गरेकोले त्यसलाई रोक्न व्यवसायीलाई कानूनी दायराभित्र रहन आग्रह गरे। उनले भने, 'सबैले आफ्नो दायर बुझ्नुपर्छ भन्ने मेरो आग्रह छ ।'

त्यस अवसरमा संघ संयोजक ढकालले सेवा शुल्क, डिमाण्ड प्रमाणीकरणलगायत वैदेशिक रोजगार क्षेत्रका लामो समयदेखि समाधान हुन नसकेका विविध समस्याका बारेमा महानिर्देशक आचार्यलाई ध्यानाकर्षण गराएका थिए । मुलुकमा रेमिट्यान्स भित्रियो भनेर गर्व गर्ने तर त्यही रेमिट्यान्स भित्र्याउन महत्वपूर्ण भूमिका खेल्ने वैदेशिक रोजगार व्यवसायीका समस्या समाधानका नगर्ने गलत परिपाटी रहेकोले आम व्यवसायी निराशाजनक अवस्थामा व्यवसाय गरिरहेको भन्दै संयोजक ढकालले महानिर्देशकको हैसियतमा समस्याको समाधानका लागि उच्चतम प्रयास गरिदिनुपर्ने आम व्यवसायीको अपेक्षा रहेको बताए ।

महानिर्देशकसँगको भेटमा संघका पूर्वअध्यक्ष प्रेम कटुवाल, संघ कार्यसमितिका सदस्य प्रज्ञान न्यौपाने, संघका कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता शम्भुप्रसाद निरौला र अधिवक्ता देवराज कटुवाल तथा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनका अध्यक्ष कुमुद खनाल र सल्लाहकार चिरञ्जीवी बस्याल, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी र महासचिव कुन्छा दोर्जे डिम्दोङ्ग, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपालका सचिव अनिल बोगटी, समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष अख्तर हुसैन, विभागमा संघको समस्या सहजीकरण प्रतिनिधि कर्णराज कटुवाललगायतका व्यवसायीहरूको उपस्थिति थियो ।

यसैबीच प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले वैदेशिक रोजगार क्षेत्रमा रहेका प्रणालीगत समस्याको समाधान दिन वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक उमाकान्त आचार्यको ध्यानाकर्षण गराएको छ । अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा गएको मञ्चको टोलीले बिहीबार नवनियुक्त महानिर्देशक आचार्यलाई भेटी बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्ने क्रममा उक्त माग राखेको हो ।

त्यस अवसरमा अध्यक्ष भण्डारीले विभागले श्रम स्वीकृतिको प्रक्रियामा सञ्चालन गरेको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा रहेका समस्या लामो समयदेखि समाधान हुन नसकेको, वैदेशिक रोजगारमा गएका कामदार वा परिवारले उजुरी हाल्ने बित्तिकै छानविन नै नगरी काम रोक्नेजस्ता कार्यले व्यवसायी समस्यामा परेको बताए ।

मलेसियाको रोजगारी खुलेपछि साउदी अरब गएका कामदार विभिन्न बहानाबाजी गरेर फर्काउन दबाब दिने र फर्काउन व्यवसायीलाई ट्र्यापमा पार्ने गरिएको भन्दै अध्यक्ष भण्डारीले उजुरी आएपछि तुरून्तै फेमिस रोकिनु पर्ने भन्दै नीतिगत विषयमा मन्त्रालयले निर्णय गर्ने भएपनि व्यवहारिक समस्याको समाधान विभागले नै दिनुपर्ने माग गरे । व्यवसायीहरू कामदार र राज्यलाई सहयोग गर्न सधैं तयार रहेको अवस्थामा पनि विभागले समस्या सुनिदिन र समाधान गर्न ढिलाइ गर्दा ढुक्कसँग व्यवसाय गर्ने अवस्था नरहेको उनको भनाइ थियो ।

मञ्चले देशमा पर्याप्त रोजगारीको अवसर नभएको र विदेशी कम्पनीहरुमा आकर्षक पारिश्रमिकसहितको रोजगारीका अवसर प्राप्त भए पनि श्रम स्वीकृतिमा रहेको झन्झटिला प्रावधानले नेपालले वैदेशिक रोजगारीका लागि प्राप्त अवसर गुमाउने अवस्था उत्पन्न भएको विषयमासमेत महानिर्देशक आचार्यको ध्यानाकर्षण गराएको छ ।

जवाफमा महानिर्देशक आचार्यले आफू महानिर्देशकको जिम्मेवारीमा आएपछि कामदार, सरकार र व्यवसायी तीनवटै पक्षलाई लाभ पुग्ने गरी सेवा प्रवाहलाई झन्झटमुक्त बनाउने भन्दै सबै पक्षसँग थप छलफल गरी सुधारका लागि निर्णय गर्ने बताए । मञ्च कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू सहभागी रहेको कार्यक्रमको सञ्चालन महासचिव जनक रावलले गरेका थिए ।

## शून्य..

हस्ताक्षर गरे। माई टेक र एसेम्ब्ली एसडिएन बिएचडीले नेपाल र मलेसिया सरकारबीच भएको श्रम सम्झौताअनुसार शून्य लागतमा नेपाली कामदार लैजाने प्रतिवद्धता जनाएका छन्। मलेसियाली कम्पनीले पहिलो चरणमा ह्वाईट हर्ष रिक्रुटमेन्टमार्फत एक हजार नेपाली कामदार लैजाने जनाएको छ ।

माई टेक र एसेम्ब्ली एसडिएन बिएचडी कम्पनी मलेसियाको जोहरमा रहेको छ । अन्तर्राष्ट्रिय र स्थानीय आवश्यकताहरूको सेवा गर्दै आएको कारखानाको साथ ४ प्लान्टहरुबाट आफ्नो उत्पादन गर्ने गरेको कम्पनीले जनाएको छ । कम्पनीको प्राथमिक उत्पादन गतिविधिहरू हाल मलेसिया र फिलिपिन्समा आधारित रहेका छन्। कम्पनीका अन्तर्राष्ट्रिय साझेदारहरूले उत्पादनहरू विश्वभर बजारीकरण गर्ने गरेको कम्पनीले जनाएको छ ।

कम्पनीका एचआर निर्देशक माइकल लिले स्वच्छ एवंम् न्यायपूर्ण भर्ना प्रक्रियाबाट छनोट भएर मलेसिया जाने नेपाली श्रमिकको सम्पूर्ण खर्च कम्पनीले व्यहोर्ने बताए। मलेसियाले आप्रवासी र मलेसियाका कामदारका बीचमा पारिश्रमिक तथा अवसरमा कुनै विभेद नगरेको भन्दै कम्पनी कामदारको सुरक्षा र स्वास्थ्यका बारेमा अत्यन्तै सजग रहेको बताए ।

रेस्पोन्सिएल बिजनेश एलाइन्स (आरबिए)मा आवद्ध एचआर निर्देशक माइकल लिले मलेसियालगायतका देशमा रहेका कम्पनीमा विभिन्न देशका ३ हजार बढी आप्रवासी कामदार कार्यरत रहेको बताए। उनले श्रमिकको उचित बसोवासका लागि आफ्नै अपार्टमेन्ट रहेको जनाउँदै नेपाली कामदार परिश्रमी, छिटो भाषा सिक्न सक्ने र इमान्दार भएकाले नेपाली कामदारलाई नै पहिलो रोजाईमा राखेको बताए ।

उनले नेपाली कामदारलाई न्यूनतम एक हजार ५ रिँगेट तलबका साथै भत्ता, बोनस, ओभरटाइम र वार्षिक बिदाको पनि व्यवस्था रहेको बताए। नेपाली म्यानपावर कम्पनीको शुल्क, कामदारको स्वास्थ्य परीक्षण शुल्क, राहदानी, जहाज टिकट, स्थानीय यातायात, आवास र स्वदेश फिर्तालगायत सबै खर्च कम्पनीले व्यहोर्ने एचआर लिले दाबी गरे । उनका अनुसार नेपाल छाड्नुअघि र रोजगारीका क्रममा कामदारले भर्नासँग सम्बन्धित तालिम खर्च वहन गर्नुपर्ने छैन ।

ह्वाईट हर्षका अध्यक्ष सागर गिरीले शून्य लागतमा कामदार पठाउने नमुना कम्पनी बनाउने लक्ष्य राखिएको बताए । प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले कामदारबाट कुनै पनि रकम नलिने भन्दै कामदार भर्ना प्रक्रियामा आफ्नो कुनै बिचौलिया प्रयोग नगर्ने भन्दै पारदर्शिताका आधारमा छनोट गरिने बताए ।

सञ्चारकर्मीहरुको जवाफ दिँदै निर्देशक लि र श्रेष्ठले निःशुल्क वैदेशिक रोजगारी नै मुख्य लक्ष्य रहेको भन्दै सरोकारवाला संघ सस्थालाई अनुगमन गर्न र आवश्यक सहयोग गर्न पनि आग्रह गरे ।

कार्यक्रममा एचआर लिले नेपालको म्यानपावर ह्वाईट हर्ष रिक्रुटमेण्ट प्रा.लि.लाई नियुक्त गरेको बताए । आफ्नो कम्पनीको मलेसिया वा नेपालमा अन्य कुनै भर्ती एजेन्सी संलग्न नभएको र नहुने एचआर लिले जानकारी दिए ।

# दोर्दीका दुई विद्यालय मर्ज

**लमजुङ/मस-** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय समायोजन (मर्ज) लाई लमजुङको एक स्थानीय तहले अघि बढाएको छ। विद्यार्थी कम र शिक्षक धेरै भएपछि दोर्दी गाउँपालिकाले वडा नम्बर १ भारतेको महादेव निम्न माध्यमिक विद्यालय र कर्मोदय प्राथमिक विद्यालय मर्ज गरेको हो ।



गाउँपालिका अध्यक्ष युवराज अधिकारीको अध्यक्षतामा बसेको दोर्दी शिक्षा समितिको बैठकले उक्त निर्णय गरेको हो । शिक्षा शाखा प्रमुख भिमप्रसाद लामिछानेका अनुसार महादेव विद्यालयलाई सूर्योदय माध्यमिक विद्यालयमा मर्ज गर्ने र कर्मोदय विद्यालयलाई रत्न प्राथमिक विद्यालयमा मर्ज गर्ने र यस विद्यालयको बालविकासलाई भने यथावत् राख्ने निर्णय गरेको छ । त्यस्तै, समायोजन भएका विद्यालयका शिक्षकहरूलाई पालिकाको विभिन्न विद्यालयमा पठाउने निर्णय भएको उनको भनाई छ ।

गत वर्षको सीमा क्षेत्र (क्राईट एरिया) अनुसार एकदेखि पाँच कक्षा भएको विद्यालयमा २० जनासम्म विद्यार्थी भएकोमा दुई वटा दरबन्दी र एउटा बालविकास दिने थियो । तर अहिले भारतेमा रहेका कुनै पनि विद्यालयमा उक्त अनुसार विद्यार्थीको संख्या भएन, सबैमा ७/८ जनाको संख्या विद्यार्थी भएका कारण र विद्यार्थीलाई पायक पर्ने, शिक्षकलाई अन्य विद्यार्थी भएको विद्यालयमा समायोजन गर्ने गरी मर्ज गरेको शिक्षा प्रमुख लामिछानेको भनाई छ ।

महादेवमा रहेका पाँच दरबन्दीका शिक्षकमध्ये तीन जना प्रावि र दुई निमावि दरबन्दी रहेकोमा अन्य विद्यालयमा समायोजन र कर्मोदयका दुई जना शिक्षकहरूलाई समायोजन भएको विद्यालय र अन्य विद्यालयमा व्यवस्थापन गरिएको बताइएको छ ।

शिक्षा मन्त्रालयले २०७० सालमा विद्यालय समायोजनका लागि निर्देशिका तयार पारेको थियो। सोहीअनुसार स्थानीय तहमा विद्यालय गाभ्ने अभियान अघि बढ्न थालेको छ। पालिकाको अन्य वडाहरूमा रहेको विद्यालयहरूको अनुगमन गर्ने र विद्यालय समायोजन गर्नँपर्ने विद्यालयहरू समायोजन गर्ने शिक्षा प्रमुख लामिछानेले बताए । पालिकाभरि ५१ वटा विद्यालय रहेका छन् ।

# बुटवलमा रोजगार सूचना केन्द्र




**रुपन्देही/मस-** बुटवलमा रोजगार सूचना केन्द्र शुरु भएको छ । रुपन्देही उद्योग सङ्घ लुम्बिनी प्रदेश सरकार एवम् बुटवल उपमहानगरपालिकासँगको सहकार्यमा एक कार्यक्रमका बीच रोजगार केन्द्रको बिहीबार शुभारम्भ गरिएको हो ।

केन्द्रको शुभारम्भ गर्दै लुम्बिनी प्रदेशका उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री अजय शाहीले आर्थिक हिसाबले सम्पन्न परिवारका युवा विकसित मुलुकमा र विपन्न वर्गका युवा खाडी मुलुकमा जाने गरेकाले यसलाई रोक्न आवश्यक रहेको बताए । 'आजभोलि गाउँमा युवा देखिन छाडेका छन् । वृद्धवृद्धामात्रै गाउँमा छन्। त्यसैले युवालाई विदेश जानबाट रोक्न स्वदेशमै रोजगारी सिर्जना गर्न आवश्यक छ', उनले भने। बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रादेवी अर्यालले युवालाई विदेश पलायन हुनबाट रोक्न सूचना केन्द्रको प्रभावकारी कार्यान्वयन जरुरी रहेकामा जोड दिइन् । उनले उपमहानगरले युवालाई सीप सिकाएर आत्मनिर्भर बनाउने खालका कार्यक्रम तय गरेको बताइन् ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव विजय कार्कीले व्यक्तिलाई स्वरोजगार बन्न प्रेरित गर्ने बताए। उनले बेरोजगार युवालाई सीपयुक्त बनाएर स्वदेशमै रोजगारी गर्न रोजगार सूचना केन्द्रले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख दीपक ज्ञवालीले विदेशी मुलुकबाट जनशक्ति ल्याउने अवस्थाको अन्त्य गर्न देशकै युवालाई दक्ष बनाउन आवश्यक रहेकामा जोड दिए। उद्योग परिसङ्घका प्रदेश अध्यक्ष एजाज आलमले रोजगार सूचना केन्द्रमा बेरोजगार युवालाई सहभागी बनाउन वडास्तरबाटै प्रचार-प्रसार गर्नँपर्ने बताए ।

रुपन्देही उद्योग सङ्घका अध्यक्ष माधवप्रसाद पौडेलले बेरोजगारी समस्या समाधान गर्दै आर्थिक समृद्धि हासिल गर्न यसले सहयोग पुग्ने बताए । रोजगार सूचना केन्द्रले उद्योगीलाई आवश्यक श्रमिकका लागि सहज हुने विश्वास व्यक्त गरे । पत्रकार महासङ्घ रुपन्देहीका अध्यक्ष रामराज पोखरेलले विदेश नजाने वातावरण तयार गर्न युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्न आवश्यक रहेको धारणा राखे ।

# बञ्चरेडाँडाको अवरोध हट्यो

**काठमाडौं/मस-** धादिङको बञ्चरेडाँडास्थित ल्यान्डफिल्ड साइटमा पुग्ने सडकमा केही दिनदेखि जारी अवरोध हटेको छ ।

सिसडोल र बञ्चरेडाँडा क्षेत्रमा जाने सडकमा स्थानीयबासीले गरिरहेको अवरोध हटेपछि फोहोर उठ्न थालेको काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले जानकारी दिएका छन् ।

उनले भने, 'सडकमा अहिले भइरहेको सम्पूर्ण अवरोध हटेका छन् । आजमात्रै २८४ गाडी फोहोर बञ्चरेडाँडा पुगेका छन् । यही गति कायम रहे केही दिनमा सबै फोहोर उठिसक्ने छ ।'

उनले फोहोर बोक्ने ट्रकहरु सीमित भएकाले व्यवसायीहरूसँग पनि सहयोग मागेका छन् ।

'हामीसँग सीमित मात्रामा फोहोर बोक्ने ट्रकहरु छन् । टिपर, ट्रक जस्ता ठूला मेसिनरीका व्यवसायीहरुको सहयोगले मात्रै छोटो समयमा धेरै भन्दा धेरै फोहोर उठाउन सकिन्छ', उनले भनेका छन्, 'हाम्रो आग्रह स्वीकारेर फोहोर ढुवानी गर्न सहयोग गर्नँ हुने समानान्तर (निःशुल्क ३० वटा), नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ (इन्धन महानगरले भर्ने गरी १८ वटा), नेपाल टिपर तथा ट्रक व्यवसायी समिति, गाडी चालक, सहयोगी लगायत सबैप्रति आभारी छौं।'



उनले फोहोर उठाउने टिपर तथा ट्रक अझै उपलब्ध गराइदिन पनि आह्वान गरेका छन् । बालेन्द्र मेयर हुनु अघिदेखि नै काठमाडौंमा फोहोर थुप्रिन थालेको थियो । स्थानीय निर्वाचनयता काठमाडौंमा निरन्तर फोहोर उठ्न सकेको थिएन ।

यसैबीच काठमाडौं महानगरपालिकालाई फोहोर ढुवानी गर्न पेशा तथा व्यवसाय क्षेत्रबाट सहयोग सुरु भएको छ । यस क्रममा बिहीबार बिहान नेपाल ट्रिपर तथा ट्रक व्यवसायी समितिले पठाएका १८ वटा ट्रिपर फोहओर बोकेर ल्याण्डफिल साइटतर्फ गएका छन् । समितिले उपलब्ध गराएका ट्रिपरलाई महानगरले हरेक ट्रिपका लागि २३ लिटर डिजेल र श्रमिकलाई एक दिनको १ हजार रुपैयाँ पारिश्रमिक उपलब्ध गराउनेछ ।

यता समानान्तर निर्माण सेवाले पूर्ण निःशुल्क सेवा दिने गरी ३० वटा ट्रिपर उपलब्ध गराएको छ । यी ट्रिपर पनि विहानै फोहोर बोकेर ल्याण्डफिल साइट गएका छन् ।

महानगरले आफूसँग भएका १२ वटा कन्टेनरमा ट्रान्सफर स्टेशनको फोहोर उठाएको छ । यसरी बिहीबार बिहान ट्रान्सफर स्टेशनबाट ६० ट्रिपर फोहोर ढुवानी भएको छ ।

# बसले अटोलाई ठक्कर दिँदा तीन जनाको मृत्यु

**रौतहट/मस-** रौतहट चन्द्रपुर नगरपालिकामा आज बिहान यात्रुवाहक बसले अटो रिक्सालाई ठक्कर दिँदा तीन जनाको मृत्यु भएको छ । काठमाडौंबाट सर्लाहीतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २०१ नम्बरको यात्रुवाहक बसले विपरीत दिशाबाट आउँदै गरेको प्रदेश २-०२-००१ ह २१०९ नम्बरको अटो रिक्सालाई पूर्वपश्चिम राजमार्गस्थित चन्द्रपुर नगरपालिका-२ लच्कामा बिहीबार बिहान ठक्कर दिँदा अटोमा सवार चारमध्ये तीन जनाको अस्पताल लैजाने क्रममा मृत्यु भएको हो । दुर्घटनामा परी मृत्यु हुनेमा सर्लाही-२ सोल्टीका प्रेम ठाडामगर, ढकबहादुर लुङ्गेली मगर र अटो चालक रवि मगर रहेको इलाका प्रहरी कार्यालय चन्द्रपुरले जनाएको छ ।



सोही घटनामा लुङ्गेलीकी श्रीमती सविना लुङ्गेली गम्भीर घाइते भएको तथा दुवै खुट्टामा चोट लागेकाले थप उपचारका लागि न्यूरो अस्पताल वीरगञ्जमा पठाइएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक सन्तुप्रसाद जैसवारले जानकारी दिए ।

# स्रोत नखुलेको ६९ लाख रकमसहित तीन पक्राउ

**काठमाडौं/मस-** नेपाल प्रहरीले स्रोत नखुलेको रु ६९ लाख रकमसहित तीन जनालाई पक्राउ गरेको छ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनको टोलीले स्रोत नखुलेको रकमसहित काठमाडौं मनमैजुका ४५ वर्षीय माधव श्रेष्ठ, बारा घर भई काठमाडौंको कुलेश्वर बस्ने ३३ वर्षीय सुनिलकुमार साह र धनुषा जनकपुर घर भई काठमाडौंको टेकु बस्ने ३३ वर्षीय अंकित गोयन्कालाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको हो ।

कार्यालयका सूचना अधिकृत प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले गैरकानुनीरूपमा हुण्डीमार्फत वित्तीय कारोबार गर्दै आएका उनीहरुलाई काठमाडौंको घण्टाघर क्षेत्रबाट पक्राउ गरिएको जानकारी दिनुभयो । काठमाडौं महानगरपालिका-२८ घण्टाघरस्थित जामे मार्केट भवनमा सटर भाडामा लिई श्रेष्ठले सञ्चालन गरेको सन्जोग टुर्स एण्ड ट्राभल्स प्रालिमा लुकाइछिपाइ राखेको रकम र हुण्डीको भुक्तानी गर्न आएका अंकित गोयन्काका कर्मचारी साह र गोयन्कालाई प्रहरीले नियन्त्रणमा लिएको हो । प्रहरीले गोयन्काले कलंकीमा सञ्चालन गरेको आनी इन्टरनेशनलको कार्यालयबाट थप रु नौ लाख बरामद गरेको छ। यस्तै, फास्ट ट्र्याक इन्टरनेशनल प्रालिको नाममा काटिएको सानिमा बैंकको रु १५ लाख बराबरको चेकसमेत प्रहरीले बरामद गरेको छ। पक्राउ परेका तीनै जनालाई आवश्यक अनुसन्धान एवं कारबाहीका लागि राजस्व अनुसन्धान विभाग हरिहरभवन पठाइएको सूचना अधिकृत कोइरालाले बताए ।


# सातौं तामाङ ज्ञान महोत्सव हुँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ भदौ

९० औं तामाङ पहिचान दिवसको अवसरमा सातौं 'तामाङ ज्ञान महोत्सव' आयोजना गरिने भएको छ । महोत्सवको तयारी पूरा भएको आयोजक समितिले जनाएको छ ।

आयोजक समितिका संयोजक निष्णु थिङका अनुसार ज्ञान महोत्सव यहि भाद्र ४ देखि ६ गतेसम्म भौतिक र भर्चुवल दुवै माध्यमबाट बौद्धमा हुँदैछ ।

महोत्सवमा १३ वटा कार्यपत्रहरु प्रस्तुत गरिनेछ । सम्मेलनमा ६ जना तामाङ समाजका ज्येष्ठ नागरिकहरुका स्मृति वाचन सत्र हुनेछ । त्यसैगरी, तीन वटा विषयहरुमा प्यानल अन्तरक्रिया छलफल गरिने संयोजक तामाङले बताए । तिनीहरुमा 'सरकारी कामकाजमा तामाङ भाषा' र 'तामाङ लोकसाहित्यः एउटा विमर्श' र 'तामाङ मुक्ति आन्दोलनको अबको बाटो' रहेका छन् ।




कार्यपत्रहरुकाले तामाङ सीमान्तकरण, भाषा र मातृभाषामा शिक्षा, खगोलशास्त्र, सरकारी सेवा र संस्कृति, प्रविधिका क्षेत्रहरु समेटिनेछ ।

तामाङ जातिले प्रत्येक वर्षको भाद्रको ६ गतेलाई आफ्नो पहिचान दिवसको रुपमा मनाउँदै आएको छ ।

आफ्ना पूर्खाहरु जंगवीर तामाङको नेतृत्वको टोलीले तत्कालिन राणा प्रधानमन्त्री भीम शमशेरसमक्ष आफूहरुलाई तामाङ भनियोस् भनी मागपत्र राखेकोमा उक्त माग स्वीकार गरी प्रधानमन्त्री राणाले वि.स १९८९ भादै ६ गतेका दिन नेपाल शरहदभित्र विभिन्न नामले बोलाइने जातिलाई तामाङ लेख्न लेखाउन सदनपत्र जारी गरेकाले सोही दिनलाई पहिचान दिवस मनाउने गरिएको संयोजक तामाङले बताए । त्यहि पहिचान दिवसको उपलक्ष्यमा नेपालमा तामाङ न्हाङखोर, तामाङ डाजाङ र तामाङ राष्टिङ्य पुस्तकालय गरी तीनवटा संस्थाहरुको संयुक्त आयोजनामा ज्ञान महोत्सवको आयोजना गर्न लागिएको हो ।

# विद्यालयलाई विद्यार्थीको आकर्षण केन्द्र बनाउन निर्देशन

**काठमाडौं/मस-** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले सार्वजनिक विद्यालयमा विद्यार्थीको आकर्षण हुने गरी काम गर्न निर्देशन दिएको छन् ।

राजधानीमा शिक्षा समन्वय एकाइका प्रमुखहरूलाई बिहीबार प्रशिक्षण दिँदै उनले सार्वजनिक विद्यालयको शैक्षिक अवस्था सुधार गरी विद्यार्थीको आकर्षण केन्द्र बनाउन निर्देशन दिएका हुन् ।

उनले भने, 'स्थानीय तहसँग समन्वय गरी कुन विद्यालयको अवस्था कस्तो छ भन्ने विवरण सङ्कलन गर्नँहोस् । विद्यालय सुधार्ने जिम्मा हाम्रो काँधमा छ ।'



मन्त्री पौडेलले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक तालिम, शिक्षकद्वारा गरिने अनुसन्धान र अन्य प्रवर्द्धनात्मक काम, अनौपचारिका, निरन्तर र समावेशी शिक्षाका लागि आवश्यक तालिमको काममा समन्वय गर्नसमेत आग्रह गरे । शिक्षक सेवा आयोगको नियामवली संशोधनपश्चात आयोगले काम गरिरहेको जानकारी गराउँदै उनले आयोगबाट तोकिएबमोजिमका काम छिटो सम्पन्न गर्न आग्रह गरे। विद्यालय समायोजनलागतयका काममा सक्रियतापूर्वक काम गर्न पनि मन्त्री पौडेलले निर्देशन दिए ।

# सार्वजनिक बिदामा आयोग र अन्तर्गतका कार्यालय खुला रहने



काठमाडौं/मस-प्रतिनिधिसभा र प्रदशेसभा निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक नहुँदासम्म बिदाका समयमा पनि निर्वाचन आयोग र अन्तर्गतका कार्यालय खुला रहने भएको छ ।

आयोगले बिहीबार एक प्रेस विज्ञप्ति जारी गरी आगामी मङ्सिर ४ गते आइतबारका दिन एकै चरणमा सम्पन्न हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक नहुँदासम्म आयोगको सचिवालय काठमाडौं, प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालय सार्वजनिक बिदाका दिनमा समेत खुला रहने जानकारी गराएको हो ।

आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारी विज्ञप्तिमा प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सबै चरण र प्रक्रियाका कार्यहरू नियमितरूपमा सम्पादन गरी निर्धारित मितिमा नै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित र मितव्ययीरूपमा सम्पन्न गर्न, गराउन बिदाको समयमा कार्यालय खुला रहने उल्लेख गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७०/०५/०४ मा दर्ता भएको **प्रा.लि. नं. ११५३९०** को **अल्पाइन माउण्टेन गियर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०५/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७२/०८/११ मा दर्ता भएको **प्रा.लि. नं. १४२०७७** को **भोलुन्टियर टु अर्गनाइजेसन कनेक्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०५/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
तेस्रो पटक प्रकाशित मिति २०७९/०४/२९
यस कम्पनीको मिति २०७९/०२/२१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **निवा अब्रोड एजुकेशन सेन्टर प्रा.लि. (प्रा.लि. नं. १६५६२९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ओज कनेक्ट एजुकेशन कन्सलट्याण्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
प्रथम पटक प्रकाशित मिति २०७९/०५/०३
यस कम्पनीको मिति २०७९/०३/०७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नवपुर चिल्ड्रेन होम ईङ्गलिस मिडियम स्कुल काठमाडौं प्रा.लि. (प्रा.लि. नं. १३३५१६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०४/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **पिक प्वाईन्ट पब्लिक स्कुल काठमाण्डौ प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्वन्धी सूचना**
प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०३
यस कम्पनीको मिति २०७८।१२।३० मा सम्पन्न विशेष साधारण सभा बमोजिम साविक कम्पनी **कान्तिपुर डेन्टल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९।०१।१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **कान्तिपुर डेन्टल हस्पिटल एण्ड रिसर्च सेन्टर कलेज अफ हेल्थ एण्ड टेक्निकल साईन्सेज् प्रा.लि**. कायम गरिएके व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**साइप्रसमा रोजगारको अवसर** | १.कम्पनी: **FONTANA LABOUR OFFICE LTD**
शहर: CYPRUS
पूर्व स्वीकृत मिति: २०७८/०८/०१ चलानी नं.: ६०१६७९०९ LT. No.: 250938 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AGRICULTURE LABOR | 4 | 0 | सम्बन्धित काममा दक्ष | 455 | ५८,६७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | DOMESTIC WORKER | 5 | 0 | | 314 | ४०,४९३ | | | | | | | |

२.कम्पनी: **M. PHILIPPOU** शहर: CYPRUS
पूर्व स्वीकृत मिति: २०७८/०८/०१ चलानी नं.: ६०१६७९०२ LT. No.: 251029 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 2 | 0 | स. काममा दक्ष | 314 | ४०,४९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौं १० गते (26 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

License No.: 1406/074/075
**KALINCHOK H. R. PVT. LTD.**
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 9801081748, 9851136852, 9851093878, 9801179844, Email: kalinchokhr.nepal@gmail.com

**UAE मा रोजगारको अवसर** | १. कम्पनी : **H P FACILITIES MANAGEMENT**
City : UAE
पूर्व स्वीकृत मिति: २०७८/०७/२५ चलानी नं.: ६०१६७१६० LT. No.: 250209 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Male | 153 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २५,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | cleaner Female | 0 | 53 | | 900 | ३१,०७७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ भदौ १० र ११ गते (26 & 27 August 2022) मा हुनेछ ।

२. कम्पनी: **HIGH POWER SERVICES L.L.C.** शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७८/१२/२० चलानी नं.: ६०१८५७३७ L.T. No.:260913

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 170 | 25 | स. काममा दक्ष | 1200 | ४१,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ ।
फाइनल अन्तर्वार्ता हिमालय होटल, कुपनडोल, ललितपुरमा २०७९ भदौ १० गते (26 August 2022) मा हुनेछ ।
फाइनल अन्तर्वार्ता द सोल्टी होटल, काठमाडौंमा २०७९ भदौ ११ गते (27 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AKP
Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob: 9845297209, 9841250386)

**'Zero Cost Recruitment in Malaysia'**
**(मलेशियामा शुन्य लागतमा रोजगार)**
कम्पनी: **EXPOAM SECURITY SERVICES SDN BHD** शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०१/०२ चलानी नं.: ६०१७७९३० LT. No.:261743 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1200 | ३४,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ १० गते ( 26 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

